नेपाल एसबिआई बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licensed by Nepal Rastra Bank)
CORPORATE OFFICE: HATTISAR, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT : NSBINPKA, website:www.nepalsbi.com.np, e-mail: nsblco@nsbl.com.np

## नेपाल एसबिआई बैंक लि.

## प्रेश विज्ञप्ती

## नेपाल एसबिआई बैंकको नयाँ शाखा उद्घाटन तथा नेपाल एसबिआई पेमेन्ट गेटवे (Nepal SBI Payment Gateway) लगायतका विविध बैंकिङ्ग सेवाहरुको सुभारम्भ

**मिति : २०७२/०२/०१, काठमाडौं**

नेपाल एसबिआई बैंक लिमिटेडले दुई नयाँ शाखाहरु **मनिग्राम तथा कावाशोती शाखाको** उद्घाटनका साथै प्रविधिमा आधारित विविध बैंकिङ्ग सेवाहरुको शुभारम्भ गरेको छ ।

बैंकले आफ्नो शाखा विस्तारको निरन्तरता स्वरुप **रुपन्देही जिल्लाको मनिग्राम तथा नवलपरासीको कावासोतीमा** आजदेखि नयाँ शाखाको शुभारम्भ गरेको हो । **नेपालका लागि भारतका राजदुत, महामहिम श्री रञ्जित रे,** बैंकका संस्थापक भारतीय स्टेट बैंकका प्रबन्ध निर्देशक तथा समूह कार्यकारी श्री बी. श्रीराम, नायब प्रबन्ध निर्देशक श्री सिद्धार्थ सेनगुप्ता र मुख्य महाप्रबन्धक श्री सुजित कुमार बर्माले दरवारमार्गस्थित होटल अन्नपुर्णमा आज आयोजित एक समारोहका बिच रिमोटद्वारा संयुक्त रुपमा नयाँ शाखाहरुको सुभारम्भ गर्नुभयो । उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकको बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक **श्री नारायण प्रसाद पौडेल** विशेष अतिथीको रुपमा उपस्थित हुनहुन्थ्यो ।

कार्यक्रममा नेपाल एसबिआई बैंकले बिकास गरी प्रवर्द्धन गरेको **Nepal SBI Payment Gateway** नेटवर्कको समारोहमा उपस्थित अतिथीहरुले सयुक्त रुपमा सेवा सुभारम्भ गर्नुभएको थियो । बैंकले बिकास गरेको यो **Payment Gateway** मार्फत नेपालमा संचालित अन्य बैंक तथा वित्तीय संस्थाहरुले National Electronic Funds Transfer (**NEFT**) मा आवद्ध भारतस्थित बैंक तथा वित्तीय संस्थामा रहेका खाताहरुमा सोझै रकम पठाउन मिल्नेछ । यो सेवा मार्फत नेपालमा संचालित बैंक तथा वित्तीय संस्थाहरुले **Nepal SBI Payment Gateway** नेटवर्कमा आवद्ध भए पश्चात नेपाल एसबिआई बैंकले उपलब्ध गराउने **Login Id** को प्रयोग गरी सोझै भारतस्थित बैंक तथा वित्तीय संस्थामा रकम पठाउन सक्नेछन ।

उक्त कार्यक्रममा नेपाल एसबिआई बैंकको एटिएमबाट प्रदान गरिने सेवाहरुको उद्घाटन **(NSBL's ATM Utilities Launch),** मोवाईल बैकिङ्गको परिमार्जित संस्करण **मेरो साथी (Launch of Mobile Banking with rebranding "Mero Saathi")** नामको Application को शुभारम्भ, तथा काठमाडौं शहर एवं पोखरा शहरलाई लक्षित गरी संचालनमा ल्याईएको मोवाइल एटिएमको **[Mobile ATMs (Kathmandu and Pokhara)]** सेवाको समेत शुभारम्भ गरिएको थियो ।

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

Phone: 01-4435516, 4435613, Fax: 00977-1-4435612

64530

नेपाल एसबिआई बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licensed by Nepal Rastra Bank)
CORPORATE OFFICE: HATTISAR, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT : NSBINPKA, website:www.nepalsbi.com.np, e-mail: nsblco@nsbl.com.np

आफ्ना सेवाग्राहीहरुलाई नविनतम तथा आधुनिक प्रविधिमा आधारित सेवाहरु उपलब्ध गराउन बैंकको ध्येय रहने समेत जानकारी गराईएको थियो ।

उक्त कार्यक्रममा बैंक सञ्चालक समितिका निर्वतमान अध्यक्ष श्री हसना शर्मा एव बैंकका संचालक समितिका सदस्यद्धय श्री निरञ्जन कुमार टिवरेवाला र श्री संजय कुमार सुरेका, प्रबन्ध संचालक श्री अनुकूल भटनागर, बैंकका नायव सिइओ श्री भी. के. त्यागी, बैंकका कर्मचारी लगायतको उपस्थिती रहेको थियो ।

नेपाल एसबिआई बैंक भारतीय स्टेट बैंक (एस.बि.आई.) को सहायक कम्पनी हो, जुन विश्वका "फर्च्युन ५०० कम्पनी" मध्येको एक र सार्वजनिक क्षेत्रका बैंकहरु मध्ये भारतमा सबैभन्दा ठुलो र विश्वमा दोस्रो ठुलो बैंक हो ।

बैंकले चाल आ.व.को ९ महिनाको अवधीमा रु. ६३.४१ अर्ब निक्षेप संकलन गरी रु. ४६.२० अर्ब कर्जा लगानी गरेको छ । बैंकले यो अवधीमा गत वर्षको तुलनामा १४.७८% ले  खुद नाफामा बृद्धि गरी रु. ९५.०३ करोड मुनाफा आर्जन गरेको छा ।

नयाँ खोलिएका २ शाखा सहित बैंकले हाल ७२ वटा व्यवसायिक इकाई (३ वटा क्षेत्रीय कार्यालय सहित) मार्फत सेवा प्रदान गर्दै आएको छ । हाल देशका विभिन्न स्थानमा बैंकका ८४ वटा एटिएम रहेका छन् ।

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

रमेश घिमिरे
प्रमुख सूचना अधिकृत

Phone: 01-4435516, 4435613, Fax: 00977-1-4435612

64532